# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्वारा प्रकाशित

बर्ष ८) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८१ साल ( संख्याः२)

**भाग-१**

रुवी भ्याली गाउँपालिककाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## रुवी भ्याली गाउँपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावनाः**

रुवी भ्याली गाउँपालिकाको आर्थिक बर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको

बर्ष ८) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८१ साल ( संख्याः२)

संविधान ,२०७२ को धारा २२९ को उपधारा (२) बमोजिम रुवी भ्याली गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "रुवी भ्याली गाउँपालिकाको विनियोजन ऐन, २०८१ रहेको छ ।(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थक बर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः(१) आर्थिक बर्ष २०८१।०८२ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि अनुसूची (१) मा उल्लेखित चालू खर्च, पूँजीगत खर्च र वित्तीय व्यबस्थापनको रकम समेत गरि जम्मा रकम रु.**३६,६४,९९,०००/-( अक्षरुपी छत्तीस करोड चोसट्ठी लाख उनान्सय हजार मात्र )** मा नबढाइ निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८१।०८२ को निमित्त रुवी भ्याली गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र बिषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने

शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सकिनेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १०% मा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यबस्थापन तर्फ विनियोजित रकम साँवा भूक्तानी र खर्च र ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यबस्थापन अन्तर्गत साँवा भूक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भूक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यबस्थापनको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० % भन्दा बढ्ने गरि कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्नु परेमा गाउँ सभाको स्वीकृती लिनु पर्नेछ।

बर्ष ८) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८१ साल ( संख्याः२)

## अनुसूची-१

### (दफा (२) संग सम्बन्धित )

### नेपालको संविधानको धारा २२९ (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम।

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
|---|---|---|---|---|---|
| १ | | गाउँ कार्यपालिका | १३,३८,५०,०००/- | ६,५६,००,०००/- | २०,३४,५०,०००/- |
| २ | | नेपाल सरकार | ९,७६,२१,०००/- | १,३२,००,०००/- | ११,०८,२१,०००/- |
| ३ | | प्रदेश सरकार | ८९,७८,००००/- | ४,३२,५०,०००/- | ५,२२,२८,०००/- |
| ४ | | वित्तीय व्यबस्थापन | ००/- | ००/- | ००/- |
| **कुल जम्मा** | | | | | ३६,६४,९९,०००/- |

बर्ष ८) धादिङ, बागमती प्रदेश, नेपाल २१ असार, २०८१ साल ( संख्याः२)

## आ.व. २०८१।०८२ को बार्षिक योजना, कार्यक्रम तथा बजेट
## क्षेत्रगत व्यय अनुमान
## अनुसूची-२

आ.व. २०८१।०८२

रकम रु. हजारमा

| सि. नं. | शीर्षक | आ.व. ०८१।०८२ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | वैदेशिक |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| १ | कार्यालय संचालन तथा | ८,६१,७१,०००/- | ५,२०,१३,०००/- | २,९८,५१,००० | ४३,१५,००० | - | | - | - |
| २ | आर्थिक विकास | १,५८,००,००० | १,०३,००,०००/- | ३९,००,००००/- | १६,००,०००/- | - | | | |
| ३ | पूर्वाधार विकास | ९,१०,००,०००/- | २,३५,००,०००/- | ३,५३,००,०००/- | ३,२२,००,०००/- | - | - | - | - |
| ४ | सामाजिक विकास | १५,५१,४७,०००/- | २,७८,००,०००/- | १०,७८,४७,०००/- | १,९५,००,०००/- | - | - | - | - |
| ५ | सुशासन तथा अन्तर सम्बन्धित | १,८३,९३,०००/- | ७४,००,०००/- | ९६,२३,०००/- | १३,५०,०००/- | - | - | - | - |
| कुल जम्मा | | ३६,६४,९९,०००/- | | | | | | | |

**प्रमाणिकरण मिति : २०८१ साल असार १० गते**